**प्रदेश सभा**

**सुदूरपश्चिम प्रदेश**

**२०७७/०४/३१**

**छैटौं अधिवेशन**

**(बत्तिसौं वैठक)**

**बाचन पत्र (रिडिङ्ग पेपर)**

**पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

१. माननीय सदस्यहरु,

यस सभाको छैटौं अधिवेशनको बत्तिसौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

२. माननीय सदस्यहरु,

आर्थिक मामीला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरालाई आर्थिक वर्ष २०७५/०७६ को "महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७"सभामा पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदयमाननीय प्रदेश प्रमुख मार्फत प्रदेशसरकारलाई प्राप्त हुन आयको सुदुरपश्चिम प्रदेशको आर्थिक वर्ष २०७५/०७६ को महालेखा परिक्षको बार्षिक प्रतिवेदन २०७७ सभासमक्ष पेश गर्दछु धन्यवाद

३. माननीय सदस्यहरु,

अब, आर्थिक मामीला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहराबाट सभामा पेश भएको "महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७" अध्ययन, छलफल र सुझावका लागि सार्वजनिक लेखा समीतिमा पठाइने व्यहोरा जानकारी गराउदछु ।

४. माननीय सदस्यहरु,

अब, "प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" माथिको कारबाही प्रारम्भ हुन्छ।

५. माननीय सदस्यहरू,

अब, विधायन तथा प्रदेश मामीला समीतिका सभापति माननीय नेपालु चौधरीलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम "प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" माथि दफावार छलफल भई तयार भएको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु।

मिति २०७७/०४/३०

माननीय सभामुखज्यू
प्रदेश सभा, सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली, नेपाल ।

विषयः- **"प्रदेश लोक सेवा आयोग ऐन लाई संशोधन गर्न वनेको २०७६ ,विधेयक"** सम्बन्धी प्रतिवेदन ।

माननीय सभामुख महोदय,

सुदूरपश्चिम प्रदेश सभाको मिति २०७७।४।२८ गते बसेको छैटौ अधिवेशनको उनन्तिसौं बैठकको निर्णय अनुसार **"प्रदेश लोक सेवा आयोग ऐनलाई संशोधन गर्न वनेको विधेयक २०७६ ,"** लाई यस विधायन तथा प्रदेश मामिला समितिको मिति २०७७।४।२९ मा ५४औं, मिति २०७७।४।३० मा ५५ औं बैठक बसी विस्तृत रुपमा दफावार छलफल गरी समितिको निर्णय सहितको प्रतिबेदन पेश गरिएको छ ।

दफावार छलफलका बैठकका क्रममा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

<u>देहाय</u>

१. माननीय रण बहादुर रावल - सदस्य
२. माननीय तारालामा तामाङ्ग - सदस्य
३. माननीय प्रकाश रावल - सदस्य
४. माननीय विरमान चौधरी - सदस्य
५. माननीय मालामति कुमारी राना - सदस्य
६. माननीय श्याम लाल राना - सदस्य
७. माननीय लिलाधर भट्ट - सदस्य
८. माननीय शान्ति नेपाली - सदस्य
९. माननीय उमा कुमारी वादी - सदस्य
१०. माननीय कुलविर चौधरी - सदस्य

<u>आमन्त्रित</u>

माननीय कुलानन्द उपाध्याय - मुख्यन्यायाधिवक्ता, मुख्यन्यायाधिवक्ताको कार्यालय
श्री कृष्ण बहादुर रावत - सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय
श्री किशोर कुमार चौधरी - कानून सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
श्री राम सिंह धामी - सचिव, प्रदेश सभा
श्री तेज प्रकाश जोशी - उपसचिव (), आन्तरिक मामिला तथा कानून मन्त्रालय

दफावार छलफल समाप्त भए पश्चात प्रस्तुत विधेयकमा देहाय बमोजिम संशोधन हुनको लागि निर्णयार्थ सभामा प्रस्तुत गर्ने यस समितिको सर्वसम्मत निष्कर्ष रहेको व्यहोरा माननीय सभामुखज्यू समक्ष अनुरोध गर्दछु ।

## संशोधन तथा थप हुनुपर्ने विषयहरु

<table>
<tr><th>क्रासं।</th><th>दफा</th><th>विधेयकमा रहेको साविक व्यवस्था</th><th>संशोधन वा थप हुनुपर्ने व्यवस्था</th></tr>
<tr>
<td>१<br><br>२<br><br>३<br>४<br>५</td>
<td>अनुसूची-१को क्रम संख्या १ मा संशोधन<br><br>अनुसूची-१ को क्रम संख्या ४ मा संशोधन<br>अनुसूची-१ को क्रम संख्या ७ मा संशोधन<br>अनुसूची-१ को क्रम संख्या ९ मा संशोधन<br><br>अनुसूची-१ को सि.नं. ९ पछि सि.नं. १०, सि.नं. ११ र सि.नं. १२ थप गरिएको</td>
<td>
अनुसूची१-<br>(संग सम्बन्धित ६ -दफा)<br>पारिश्रमिक र सुविधा
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>इकाई दर</th><th>अध्यक्ष</th><th>सदस्य</th></tr>
<tr><td>१</td><td>पारिश्रमिक</td><td>प्रति महिना (ने.रु.)</td><td>प्रदेश सरकार, प्रमुख सचिव (विशिष्ट श्रेणी) को शुरु तलब स्केल बराबर</td><td>प्रदेश सरकार, प्रदेश सचिव (रा.प.प्रथम श्रेणी) को शुरु तलब स्केल बराबर</td></tr>
<tr><td>४</td><td>सवारी साधन</td><td>एक वटा</td><td>१</td><td>१</td></tr>
<tr><td>७</td><td>संचार सुविधा (टेलिफोन, इन्टरनेट र पत्रपत्रिका)</td><td>प्रति महिना (ने.रु.)</td><td>२,०००।-</td><td>२,०००।-</td></tr>
<tr><td>९</td><td>विविध</td><td>प्रति महिना (ने.रु.)</td><td>२,०००।-</td><td>२,०००।-</td></tr>
</table>
</td>
<td>
अनुसूची१-<br>(संग सम्बन्धित ६ -दफा)<br>पारिश्रमिक र सुविधा
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>इकाई दर</th><th>अध्यक्ष</th><th>सदस्य</th></tr>
<tr><td>१</td><td>पारिश्रमिक</td><td>प्रति महिना (ने.रु.)</td><td>६०,६८०।</td><td>५५,०००।</td></tr>
<tr><td>४</td><td>सवारी साधन (चालक सहित)</td><td>एक वटा</td><td>१</td><td>१</td></tr>
<tr><td>७</td><td>संचार सुविधा (टेलिफोन, इन्टरनेट र पत्रपत्रिका)</td><td>प्रति महिना (ने.रु.)</td><td>३,०००।-</td><td>२,०००।-</td></tr>
<tr><td>९</td><td>विविध</td><td>प्रति महिना (ने.रु.)</td><td>३,०००।-</td><td>२,०००।-</td></tr>
<tr><td>१०</td><td>दैनिक भ्रमण भत्ता<br>स्वदेश<br>विदेश</td><td>प्रति दिन<br>नेरु<br>अमेरिकी डलर</td><td>२५००।-<br>२२५।-</td><td>२०००।-<br>१७५।-</td></tr>
<tr><td>११</td><td>चाडपर्व खर्च</td><td>वार्षिक</td><td>एक महिना बराबरको तलब</td><td>एक महिना बराबरको तलब</td></tr>
<tr><td>१२</td><td>यात्रा दुर्घटना विमा सरकारी कामको ) (सिलसिलामा</td><td>रु</td><td>२,००,०००।</td><td>२,००,०००।</td></tr>
</table>
</td>
</tr>
</table>

माननीय सभामुख महोदय,

उपरोक्त संशोधन तथा थप हुनुपर्ने विषयहरु **"प्रदेश लोक सेवा आयोग ऐनलाई संशोधन गर्न बनेको २०७६ , विधेयक"** मा समावेश गरी उक्त विषयलाई विधेयकको अंग बनाई सभामा निर्णयार्थ प्रस्तुत हुन सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १६० बमोजिम यो प्रतिवेदन प्रस्तुत गरेको छु । अन्तमा यो प्रतिवेदन तयार पार्न सहयोग पुऱ्याउने सचिवालयका कर्मचारी सहित सम्पूर्ण विधायन तथा प्रदेश मामिला समितिका माननीय सदस्यज्यूहरु प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहन्छु ।

**प्रस्तुतकर्ता**

माननीय नेपालु चौधरी

सभापति

विधायन तथा प्रदेश मामिला

समिति

सुदूरपश्चिम प्रदेश, धनगढी,

कैलाली

६. माननीय सदस्यहरू,

**"प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथिविधायन तथा प्रदेश मामीलासमीतिमादफावारछलफलकोकार्यसमाप्तभएपश्चातप्रस्तुतभएकोप्रतिवेदनसहितको विधेयक माथि सभामा छलफल गरियोस् भनीसुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (२) को खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्न विधेयक प्रस्तुतकर्ता आन्तरिक मामीला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहको तर्फबाट सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, प्रदेश लोकसेवा आयोग ऐन २०७६ माथि शंशोधन गर्न बनेको विधेयक सुदुरपश्चिम सरकारको प्रदेश सभा नियमावलि २०७४ को नियम १२१ को खण्ड क बमोजिम प्रतिवेदन सहितको विधेयक माथि छलफल गरियोस भनि यो प्रस्ताव पेश गर्दछु धन्यवाद

७. माननीय सदस्यहरू,

अब म, सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ"भन्नुहोस्।

("हुन्छ"भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न"भन्नुहोस्।

("हुन्न"भनेपछि)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ" प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" माथि विधायन तथा प्रदेश मामीला समीतिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

८. माननीय सदस्यहरू,

अब, "प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" माथि दफावार छलफल समाप्त भई विधायन तथा प्रदेश मामीला समीतिबाट पेश हुन आएको प्रतिवेदन माथि सुदूरपश्चिम प्रदेशको प्रदेशसभानियमावली,२०७४ को नियम १२१ को उपनियम (८) बमोजिम छलफल प्रारम्भ हुन्छ। छलफलमा विधायन तथा प्रदेश मामीला समीतिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनुहुने प्रत्येक माननीय सदस्यहरूको लागि ५ (पाँच) मीनेटको समय निर्धारण गरेको छु ।

**सर्वप्रथम माननीय कुन्ती जोशीलाई समय दिन्छु ।**

माननीय सभामुख महोदय, प्रदेश लोकसेवा आयोग ऐन लाई शंशोधन गर्न बनेको विधेयक बिधायन तथा प्रदेश मामीला समीतिमा दफआवार छलफलका लागि गयको थियो यसमा समीतिका सभापति ज्यु लगायत माननिय सदस्यहरुले ब्यतित ढङ्गले यसको मर्म र भावनालाई समेटेर अगाडि बढेकोकुरा यहा प्रषट छदै छ यसका निमीत सर्वप्रथम त सभामुखसभापतिलगायत माननिय सदस्यहरु सवैलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

माननीय सभामुख महोदय निश्चितै रुपमा पनि यो भन्दा अगाडि केहि हामीले अधुरो रह्यो कि भन्ने खालको त्यो खालकोअनुभूति भैसे पश्चात नेपालको संबिधानको धारा १७६ को मर्म र भावना अनुरुप अथवा केन्द्रिय कानुनलाई पनि त्यसमा समावेश र त्यसको कुनै पनि माथिका केन्द्रिय कानुन सँग नबाजिने गरि हामीले तर्जुमा पनि आफ्नो कानुन बनाउनु पर्ने हाम्रो पनि प्रदेशको त्यो खालको रहेको हुदा त्यसअनुरुप जुन सामानुपातिकालाई पनि समावेश गरेर अगाडि बढ्नुपर्ने जुन खालको चाहि संशोधनमा प्रष्ट ढङ्गले लेखिएर आयो यसका निमित धन्यवाद दिन चाहान्छु र यसमा

हामीले निश्चितै रुपमा पनि हामीले त्यो खालको क्षेत्र बर्ग र लिङ्ग लगायत पिछडा बर्ग सवै क्षेत्र हरुलाई समट्नको निमीत समानुपातिक समावेशिलाई यो विधेयकमा मात्रै नरहेर सवै ठाउमा हामीले यो भन्दा अगाडि पनि हाम्रो प्रचलनमा रहेको कुरा हरु छ र यो विधेयकमा विसेस गरि त्यो छढङगमा छलफल भयर अगाडि बढेको मा उहाहरुलाई धन्यवाद दिन चाहान्छु र यसमा दोस्रोमा पारिश्रमीकमा पनि अध्यक्ष र सदसयहरुको यो भन्दा अगाडि यउटै यउटै खालको देखियोको थियो र अहिले यो अध्यक्ष र सदस्य पनि अ यो क्याटागोरि लगायतको मीलायर लेखियको र मीलायर समीतिमा व्यापक ढङ्गले छलफल भयको जो अगाडि बढ्नु भो उहाहरुलाई धन्यवाद दिन चाहान्छु र यसले सवै क्षत्र सवै ठाउका मर्म भावनालाई यसले समेटेर अगाडि बढ्ने छ । यसले यउटा सवैलाई एउटा खालको अनुभृति तुल्याउने छ । भन्दै आफ्ना भनाई राख्छु धन्यबाद

**माननीयगोविन्द राज वोहरा**

माननीय सभामुख महोदय, प्रदेश लोकसेवा आयोग ऐनलाई शंशोधन गर्न वनेको विधेयक २०७६ सम्बन्धि प्रतिवेदन आएको छ । यो विधेयकलाई हामीले छलफलमा एक चोटि राखिसकेका थियौ केहि शब्दमा फरक परेका कारणले पुनः यसलाई शंशोधन गर्नुपर्ने आवश्यकता महसुस भयो र यो समानुपातिक समावेशि भन्ने कुरा छ ।यसलाई ख्रु पर्ने जरुरी पनि हो र यलाई यो छुट भएको कारणले राखियो समीतिमा छलफल गरेर समीतिलाई पनि धन्यवाद दिन चाहान्छु यो लोकसेवा आयोग साच्चिकै भन्ने हो भने यो संविधानको मुल मर्म अनुसार संबिधानको भावना अनुसार हिड्नुपर्ने यउटा संवैधानिक अंग हो यो अंगलाई यउटा निष्पक्ष तरिकाले अगाडि बढाउनुपर्ने हाम्रो पनि कर्तब्य हो र आज नेपालमा यउटा यो लोकसेवा आयोग यउटा संवैधानिक निकाय यस्तो छ जसमाथि सम्पुर्ण नेपालिको विश्वास छ किनभने लोकसेवाले अहिले जितेको छ त्यो आजमात्रै हिजो पञ्चायत काल हुदाखेरि पनि लोकसेवा भित्र यसमा कमसेकम यउटा गरिमा थियो र आज लोकसेवामा प्रतिस्पर्धा गर्दाखेरि हरेकब्यक्तिले जबका लागि प्रतिस्पर्धा गर्दा खेरि त्यहा लोकसेवामा नाम निकालेको ब्यक्ति पनि नाम निकाले मैले लोकसेवा पास गरे भन्ने हुन्छ भने नाम निकाल्ने जुन उम्मेदवार छ उसले पनि लोकसेवाले अन्यय गर्यो भन्न सक्दैन कि मेरा केहि कमीकमजोरि भय र्यसैले मैले लोकसेवामा गर्न सकेन र अर्को चान्स म अगाडि बढ्छु र पास गर्छु भन्ने यउटा मान्यता स्थापित भयको छ हाम्रो देशमा त्यसैले यो मान्यतालाई खलबलिन दिनुहुदैन हाम्रो प्रदेशमा जुन कुरा गरिराखेका छौ आज हामी यो लोकसेवा आयोग विधेयक जुन पाश गरिराखेका छौ यो प्रदेसमा अज झन बलियो तरिकाले हामीले अगाडि बढाउनुपर्छ किनभने यो मान्यता लोकसेवाको राष्ट्रवाति रुपमा देखियको छ यसले हाम्रो पर्देशमा खलबलिन दिनुहुदैन र यसको मान्यताहरु स्थापित जो भयको छ ति मान्यतालाई अझ दरिलो बनाउन र दिगो बनायर लग्नुपर्छ भन्ने मेरो यउटा आत्मविश्वास छ र सदनमा यो कुरा राख्न चाहान्छु संविधानले व्यवस्था गरेका कुरा राज्यको निति निर्देशन जति छ ति

निर्देशित निति र नियम भित्र लोकसेवा आयोग छ लोकसेवा आयोगका आफ्ना नियम पनि छन तर केन्द्रिय संविधान पनि छ त्यो संविधान भित्र बसेर यले निति निर्देशन गर्दछ र यसले यउटा देशमा निष्पक्षता कायम गरेको छ त्यो निष्पक्षतलाई आज सवैले स्विकार गरेको नाताले यो धेरै महत्वपुर्ण लोकसेवा अलि ढिलो आयो यलाई हामीले अहिले सम्म यलाई लागु गर्न सकेको भय धेरै ठुलो उपलब्धि हुन्थ्यो हाम्रो प्रदेशमा किनभन्दा खेरि यकातिर कर्मचारिको अभावअर्को तिर बेरिजगारि दुईटै कुरा सँगसँगै छ त्यसैले यलाई हामीले लागु गर्न सक्यो भने कमसेकम यकातिर वेरोजगारि हट्ने त्यसको संकेत पनि सँगसँगै हुन्छ भने अर्को तिर जुन पढेलेखेको योग्य उम्मेदवार हरु छ ति उम्मेदवारहरुले यउटा मान्यता लाई सावित गरेको छ त्यसैले यसको समर्थन गर्दै बिदा हुन्छु धन्यवाद

९. माननीय सदस्यहरू,

**"प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथि दफावार छलफल समाप्त भई विधायन तथा प्रदेश मामीला समीतिबाट पेश हुन आएको प्रतिवेदन सहित विधेयक माथिको छलफलको निर्धारित समय यहीँ समाप्त हुन्छ।

१०. माननीय सदस्यहरू,

अब, सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई **"प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको छलफलमा उठान भएका श्नको जवाफ दिन अनुमति दिन्छु।

माननीय सभामुख महोदय, प्रदेश लोकसेवा आयोग ऐन २०७६ लाई शंशोधन गर्न बनेको बिधेयक माथि माननीय ज्युहरुबाट सुझाव प्राप्त भएको छ । यो प्रदेश लोकसेवा आयोग ऐनमा केहि कुरा हरु पारित गर्दा केहि छुट्न गएकाले त्यसलाई पुनः शंशोधन गर्न परेको कुरा सम्मानित सदनलाई जानकारी छ यो विषयमा भाग लिने माननीय ज्युहरुले यो अपुर्ण विधेयकलाई केहि शब्दहरु दुईवटा शब्दहरु छुट्न गएको कारणले यसलाई राखेर यसलाई पुर्ण भाको छ र यलाई पारिश्रमीक सेवा सुविधाका बिषयमा पनि यमा थप भएर आएको छ । यो कुरा यो सदनवाट पारित भैसकेपछि सुदुरपश्चिम प्रदेश सरकारले चाडो भन्दा चाडो लोकेसवा आयोग गठन गर्ने छ । सुदुरपश्चिम प्रदेश भित्र पढेलेखेका सुदुरपश्चिम बासिहरुले आफ्नै प्रदेशमा सेवा गर्ने मौका पाउने छन र यसका लागि यो महत्वपुर्ण बिधेयक हामीले गत बर्ष नै यलाई कार्यान्वयन ल्याउनुपर्ने थियो तर यो केहि कारणलेबहस ढिला हुन गको छ त्यहि पनि सरकारले यलाई चाडि भन्दा चाडो लोकसेवा आयोग गरेर हामी प्रदेश सरकार अगाडि बढ्ने लुरा सम्मानित सदनलाई जानकारि गराउदै यो महत्वपुर्ण विधेयकमा आफ्ना अमुल्य सुझाव प्रकट गर्नुहुने माननीय ज्युहरुलआई धेरै धेरै धन्यवाद दिदै बिदा हुन्छु धन्यबाद

११. माननीय सदस्यहरू,

अबम,**"प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथि दफावार छलफलको कार्य समाप्त भई विधायन तथा प्रदेश मामीला समीतिबाट पेश हुन आएको प्रतिवेदनमा अनुसूची-१ कोक्रमसंख्या१ (एक) देखि ५ (पाँच) सम्मका उल्लेखित संशोधन वा थप हुनुपर्ने व्यवस्थालाई विधेयकको अङ्ग बनोस भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११६ बमोजिम समुहिकृत रुपमा सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ"भन्नुहोस्।

(हुन्छ भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न"भन्नुहोस्।

(हुन्न भनेपछि)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ"प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" माथि दफावार छलफलको कार्य समाप्त भई विधायन तथा प्रदेश मामीला समीतिबाट पेश हुन आएको प्रतिवेदनमा अनुसूची-१ कोक्रमसंख्या१ (एक) देखि ५ (पाँच) सम्मका उल्लेखित संशोधन वा थपहुनुपर्ने व्यवस्था सर्वसम्मतिले विधेयकको अङ्ग बनेकोघोषणा गर्दछु ।

१२. माननीय सदस्यहरू,

अब म, विधेयकका २ देखि ५ सम्मका दफाहरू, आनुसाङ्गिक अन्य दफाहरू, सम्बन्धित उपदफाहरू तथा अनुसूची-१**"प्रदेश लोकसेवा आयोग ऐन, २०७६** लाई संशोधन गर्न बनेको विधेयक" कोअं ङ्गबनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ"भन्नुहोस।

(हुन्छ भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न"भन्नुहोस।

(हुन्न भनेपछि)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको २ देखि ५ सम्मका दफाहरू, आनुसाङ्गिक अन्य दफाहरू, सम्बन्धित उपदफाहरू तथा अनुसूची-१सर्वसम्मतिले "प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" कोअंङ्गबनेकोघोषणा गर्दछु ।

१३. माननीय सदस्यहरू,

अबम,विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

प्रस्तावनाः प्रदेश लोक सेवा आयोग ऐन , २०७६ लाईसंशोधन गर्न वाञ्छनीय भएकोले ,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भः यस (१)ऐनको नाम " प्रदेश लोकसेवा आयोग (पहिलो संशोधन) ऐन"२०७६ , रहेकोछ।

(२यो ( ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

१४. माननीय सदस्यहरू,

अब म, विधेयकको प्रस्तावना र नाम "प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" को अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ”भन्नुहोस्।

(हुन्छ भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न”भन्नुहोस्।

(हुन्न भनेपछि)

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले"प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"को अङ्गबनेकोघोषणागर्दछु।

१५. माननीय सदस्यहरू,

अव म, सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई **"प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** लाई सुदूरपश्चिम प्रदेशको प्रदेशसभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय प्रदेश लोकसेवा आयोग ऐन २०७६ लाई शंशोधन र्न बनेको विधेयक लाई सुदुरपश्चिम प्रदेशको प्रदेश सभा नियमावलि २०७४ को नियम १२२ बमोजिम सभावाट पारित गरियोस भनि यो प्रस्ताव पेश गर्दछु धन्यवाद

१६. माननीय सदस्यहरू,

अबम,सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न”भन्नुहोला।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ”भन्नुहोस्।

(हुन्छ भनेपछि)

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न”भन्नुहोस्।

(हुन्न भनेपछि)

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ "प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

१७. माननीय सदस्यहरू,

"प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" माथिकोकारबाहीयहीँसमाप्तहुन्छ।

१८. माननीय सदस्यहरू,

अब म, प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त पत्र पढेर सुनाउछु ।

मीति :- २०७७/०४/३०

विषय :- प्रदेश सभाको छैटौं अधिवेशन अन्त्य सम्बन्धमा ।

माननीय सभामुखज्यू,

प्रदेश सभा,

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेश सरकार (मन्त्रिपरिषद्) को सिफारिशमा प्रदेश सभाको छैटौं अधिवेशन मीति २०७७ साल साउन महिना ३१ गते शनिवार राती १२:०० बजे देखी लागु हुने गरी अन्त्य गरेको छु ।

(सर्मिला कुमारी पन्त)

प्रदेश प्रमुख

**बोधार्थ**

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

१९. माननीय सदस्यहरु,

२०. यो अधिवेशनको शुभारम्भ मीति २०७७।०२।१३ गते मंगलबारको दिनबाट भएको थियो । यो अधिवेशन प्रारम्भ भई हालसम्म कार्य गर्दा देहाय बमोजिमका मुख्य कार्यहरू सम्पन्न भएका छन् ः-

२१. सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ पारित भएको ।

२२. सुदूरपश्चिम प्रदेश खेलकुद सम्बन्धमा व्यवस्था गर्न बनेकोविधेयक, २०७६ पारित भएको ।

२३. स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक पारित भएको ।

२४. सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७७पारित भएको ।

२५. आर्थिक वर्ष २०७७/०७८ को विनियोजन विधेयक पारित भएको ।

२६. रेडियो, एफ र .एम.टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित भएको ।

२७. प्रदेशजनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ पारित भएको ।

२८. प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक पारित भएको ।

२९. धन्यवाद प्रस्ताव पारित भएको ।

३०. संकल्प प्रस्ताव पारित भएको ।

३१. लोगो संशोधन सम्बन्धी प्रस्ताव पारित भएको ।

३२. यस सभाको छैटौं अधिवेशनमा ३२ वटा बैठक सम्पन्न भए, जम्मा दिन २९ र जम्मा समय ४४घण्टा ७ मीनेट बैठक संचालन भएको थियो ।

३३. यस अधिवेशनमा विशेष समय ५ पटक र शुन्य समय ४ पटक संचालन भएको थियो ।

३४. माननीय सदस्यहरु,

यस अधिवेशनको समीक्षा सहित आफ्नो मन्तव्य राख्न सभामा प्रतिनिधित्व गर्ने संसदीय दलका तर्फबाट केही माननीय सदस्यहरुको लागि समय प्रदान गरेको छु ।

**सर्वप्रथम म, माननीय तारा लामा तामाङलाई समय दिन्छु ।**

माननीय सभामुख महोदय, आज हामी हाम्रो सुदुरपश्चिम प्रदेश सभाको छेटौ अधिवेशनलाई प्रदेश प्रमुख ज्युको पत्र अनुसार आज अन्त गरन गैराखेका छौ करिब ८२ दिनको यो अवधिमा माननीय सभामुखले यो सदनबाट भय गरेका कुराहरु र भय गरेका कामकारबाहिका बारेमा जानकारि हामीले प्राप्त गर्यौं यो अवधिमा खासगरि देशमा ठुलठुला घटनाहरु भयो राष्ट्रियताको पक्षमा केन्द्रमा हाम्रो सरकार र सवै राजनैतिक दल यकजुट भयर हाम्रो भुभाग छुटेको भुभागको नक्सा सहितको नकसा पास भाको छ त्यसलाई हामीले स गौरवका साथ यकमतले धन्यवाद प्रस्ताव पारित गरेका छौ र

यो अवधिमा यहि बेला विश्वमा नै कहरको रुपमा आतंकितको रुपमा रहेको कोरोनाको कारण कोभिड १९ को कारण विश्वको अर्थतन्त्रलाई नै तहसनहस हुने गरि आईराखेको बेला नै हामीले यो सदन बिभिन्न सामाजिक दुरि र सुरक्षाका सवै प्रविधिलाई पर्योग गरेर हामीले यो सदन चलायौ र सदन चलाईरहदा के प्रतिपक्ष के सत्तापक्ष सव यक जुट भयर हामीले चलाउने काम गर्यौं र यसको बिच हाम्रो प्रदेश देशको बिभिन्न ठाउमा बाढि पहिरोले धनजनको क्षति हुनको अतिरिक्त हाम्रो प्रदेशमा पनि यले धेरै नोक्सानि गरेको छ दुईटा सँगसँगै समस्या आयो त्यसमा हाम्रो सुदुरपश्चिम सरकारले दृढताका साथ अगाडि बड्ने कुरा मुख्यमन्त्रि ज्युको मन्तब्यवाट हामीले जानकारि पायौ प्राप्त गर्यौं सभामुख महोदय र यो अधिवेशन बर्खे अधिवेशन अथवा बजेट अधिवेशन भको कारणले बाहिर सुनियका कुरा बाहिर जनताले गरेका गुनासो मैले यहा पनि राख्दा उपयुक्त हुन्छ भनेर राख्ने प्रयत्न गरे त्यो अधिवेशनमा बाहिर बनिराखेका रैछन त्यस्तो नहोला तर बाहिर असार १ गते बजेट आयो बजेट छलफलको दौरानमा जाने क्रममा सरकार र प्रतिपक्ष मीलेर सांसदहरुलाई बोल्नै नदिईकन बजेट पारित गर्ने स्थिति आयो भनेर भनिराखेका छन जनताको गुनासो छन अब यस्तो आगामी दिनमा यस्तो नहोला नहोस भन्ने जनताले कामना गरिराखेका छन जब कि आफ्ना प्रदशको बजेटको सन्दर्भमा आफ्ना प्रदेशका आर्थिक स्थितिका बारेमा र आफ्ना प्रदेश आफु निर्वाचित क्षेत्रको बिकासको सन्दर्भमा जनताको समस्या बोल्नु पर्ने थियो त्यो कुरा नहुदा जनताको प्रतिनिधि मार्फत त्यो सुन्न नपाउदा जनताको आफु निर्वाचन क्षेत्रका प्रदेश सभा प्रदेश सरकार प्रति यो प्रदेशलाई राम्रो देख्न चाहाने जनताहरु स्वाभाविक रुपले चिन्तित हुनु कुरा मलाई पनि ठिकै लागेको छ त्यसकारणले हामीले अबको दिनमा प्रदेश ले प्रदेश सभाले प्रदेश सभामा बोलेका कुराहरुलाई शुन्य समयमा होस चाहे त्यो जुनसुकै समय लियर प्रदेश सभामा बोलेका कुराहरुलाई सांसदले पनि जथाभावि बोल्दैन सरकारले पनि जथाभावि सुन्दैन अर्थात जे राम्रो कुरा आको च त्यलाई सरकारले नोटिस गर्नुपर्छ र त्यलाई सम्मानित गर्ने प्रयास गर्नुपर्छ त्यस्तो भयो भने संसदिय व्यवस्था हाम्रो यो संघिय व्यवस्था र हाम्रो यो प्रदेश सभा र प्रदेश सरकार प्रति जति जनताको भरोसा हुन्छ त्यसकारणले त्यो तर्फ पनि होस त्यो तयर्फ अझ राम्रो होस संसद र प्रदेश सरकारको अझ प्रगढ होस भन्ने चाहना बुदिजि विहरुले राखिराखेका छन त्यसैगरि म फेरि पनि आग्रह गर्न चाहान्छौ हामीले यो सत्रमा धेरै कुराहरु गर्ने प्रयत्न गरेका छौ र सवैकुराहरु मीलेर बजेट सरबसम्मतका पास गरेका छौ अब बजेट कार्यान्वयनको सवालमा सांसदहरुको प्रदेश शभाको भावनालाई लियर सरकार अगा डि बढ्ने छ भन्ने मा हाम्रो नेपाल कम्न्युषट पार्टि नेकपा संसदिय दल यसमा विश्वस्त छ र हाम्रो संसदिय दल के मा पनि विश्वस्त छ भने यो कोभिड १९ को कारणले र बाढि पहिरोको कारणले प्रताडित नेपालि जनता हाम्रो सुदुरपश्चिमको जनतालाई अझ यो बिचमा हाम्रोप्रदेश सरकारले अज राम्रो काम गर्ने छ र त्यो काम गर्दा सवै साथि सांसदहरुलाई समेटेर सवै पक्षलाई समेटेर अझ

राम्रो काम गर्न सक्ने हामीले विश्वास लियका छौ र प्रदेस सरकार सँग हामीले संसदिय दलले त्यहि आग्रह गरेका छौ र हामी संसदिय दलको तर्पबाट यसरि कोभिड १९ मा खटियका सम्पुर्ण स्वास्थ्य कर्मि चिकित्सक सम्पुर्ण स्वयमसेवक सम्पुर्न जनप्रतिनिधिलाई हामीले धन्यबाद पनि दियका छौ र अहिले यो बाढि पहिरोको बेलामा परेका मार्कालाई प्रदेश सरकार स्थानिय सरकारले यथा शिघ्र सम्बोधन गर्ने र प्रदेश सभाले पनि त्यस तर्फ हेरेर सरकारलाई सुझाव दिने कुरामाहामी विशवस्त छौ र कोभिड १९ को लागि हामी सवै यकजुट भयर अगाडि बढ्ने कुरामा यो प्रदेश सभा विश्वस्त छ हामी बिश्वस्त छौ यहि तर्फ हामी अगाडि बढ्ने कुरामा विश्वास लिदै अगामी दिनहरुमा अज प्रदेश सभाले अज प्रदेश सरकारलाई यो प्रदेश लाई यउटा राम्रो अझ राम्रो ऐन कानुन हरु दिन सफल हुने छ र यो सत्रमा हामी कोरोनाको कहरको बेला पनि सदन चलायर जनता प्रति उत्तरदायि भयर र आफ्ना निर्वाचन क्षेत्रमा रहेका आफ्ना समस्याहरुलाई यहा उठायर सरकारलाई झकझकायर जुन काम गरेको छ यो प्रदेश सभाको लागि अविस्मरणिय हुने छ यस्तो बेलामा हामीले यकता साथ अगाडि बढेका छौ र आगामी दिनमा यस्तो हुने विश्वास गर्दै यो कोरोनालाई परास्त गर्न कोरोनाको भयभहलाई अझ फैलिननदिन हामी सवैले सतर्कता अपनाउन पर्ने छ अज हामी जनताको प्रतिनिधि भयको कारणले आफ्नो रोल मोडेल आफुले कसरि गर्नि जनतालाई कसरि बचाउनि आफु पनि लसरि बचिनि यावत कुरामा हामीले ध्यान दिने नै छ र हामीले सामाजिक दुरिका कुराहरुलाई अझ व्यवस्थित तरिकाले तल लाने कुरामा हाम्रो प्रदेश सरकारले अझ ठोस रुपले अगाडि बढ्ने कुरामा हाम्रो संसदिय दल नेपाल कम्न्युस्ट पार्टि नेकपा संदिय दलको विश्वास छ र हामी फेरि पनि आग्रह गर्छौं प्रदेश सरकारलाई अझ गरिराखेको काम यो दुईटै कहरको बिचमा रहेर पनि बिकासका कामहरुलाई अझ सवैलाई विचार गरेर अगाडि बढोस र सव भन्दा ठुलो ध्यान कोरोना र त्यसपछि बाढि बाट प्रताविड अनि यो पहिरो बाट प्रताडित जनताको लागि अज सुदृछ काम गर्न सक्ने हामी विश्वास गर्छौं र पहाडका धेरै कुनाहरु अझैपनि पहाडका धैरै रोडहरु रोकियका छन त्यलाई तत्काल यकठाउबाट अर्को ठाउ जानि सुचारुकताको लागि हामीले विश्वास लियका छौ त्यसै गरि कञ्चनपुरको ठाउकैलालिको ठाउ र कञ्चनपुर भयर पनि सुगम क्षेत्र भयर पनि अझै पनि सदरमुकाम सम्म र मुकाम सम्म जो ड्न नसकियको लालझाडि क्षेत्र अझै पनि त्यहा बाह्रैमासै गाडि जान सक्दैन र अहिले बर्षातको बेला झन यसको सम्बन्ध टुटेको छ त्यस तर्फ पनि ध्यान जाने छ र अन्य सवै क्षेत्रमा जुन सुचारु भयका बाटोछन यलाई सुचारु गर्न म प्रदेशसभाका सांसदहरुले भुमीका खेल्ने छ सांसदहरुको भुमीकालाई प्रदेश सरकारले अझ त्यसमा ध्यान दिई अझ त्यसमा सुचारु गर्ने स्थानिय सरकार प्रदेश सरकार र नसकेको केन्द्रिय सरकार सँग समन्यवन गरेर सुचारु गर्ने हाम्रो सरकार सफल हुने कुरा मविश्वास गर्दै यो छैटौ अधिवेशनको अन्त हुन गैराखेको छ र छेटौ अधिवेशन पछि आईराखेको हामी नेपालि हरुको हिन्दु नारिहरुको महान तिज पर्बको

उपलक्ष्यमा शुभकामना दिन चाहान्छु र त्यो तिजलाई हामी सवै सांसदहरुले स्वागत गरौ तर हिजो अस्ति जस्तो होईन अब यलाई अलग्गै सामाजिक दुरि कायम गरि सवैले आफ्नोआफ्नो घरमा परम्परालाई मनायर आफ्नै घरमा मनाउन आह्वान पनि गर्दै तिज पर्बको शुभकामना दिदै बिदा हुन्छु धन्यबाद नमस्कार

**माननीय रण बहादुर रावल**

माननीय सभामुख महोदय, आज छेटौ अधिवेशनको अन्त अथवा यो बर्खे अधिवेशन अथवा बजेट अधिवेशनको अन्त भएको दिन यहि अधिवेशनमा ९ वटा विधेयक शंशोधन सहितका विधेयकहरु पास भएको यो अधिवेशन वास्तवमा धेरै उतार चडावको बिच अधिवेशन समाप्त हुदै छ तिता मीठा कुराहरुको हुनु स्वाभिक हो मलाई लाग्छ सवैले अन्यथा लियको छैन छैन जस्तो लाग्छआगामी दिनमा अझ पनि यो सदनलाई सबल प्रभावकारि र बलियो बनाउनमा सम्पुर्ण साथिहरुलाई अनुरोध गर्न चाहान्छु अब यहि सन्दर्भमा अहिले सुदुरपश्चिम मात्र नभयर समग्र देशमा कोरोनाको प्रभाव छ यहि कोरोनाको कारण कोभिड १९ को कारण झण्डै ११ भन्दा बढि मृत्यु भैसकेको अवस्था त।यसपछिँ झण्डै बाढि पहिरोको कारणले ४५ भन्दा बढि मृत्यु भैसकेको अवस्था र यावत ठाउहरुमा विविध कारणले मृत्यु भयको कारणले म उहाहरुप्रति हार्दिक श्रदाञ्जली अर्पण गर्न चाहान्छु । नेपालि कांग्रेस संसदिय दलको तर्फवाट र साथै शोकसन्तप्त परिवारप्रति ,म समवेबना पनि दिन चाहान्छु यहि हाम्रो प्रदेश सभाको माननिय सदस्य माननिय अम्बिका थापा ज्यु गत श्रावण १७ गते मोटरसाईकल बाट दुर्घटना पर्नु भो र उहाको सुस्वास्थ्यको कामना पनि गर्न चाहान्छु साथै प्रदेश सरकारले जुन हिसाबले माननीय सभामुख ज्यु माननीय मुख्यमन्त्रि ज्यु माननिय सामाजिक बिकास मन्त्रि ज्यु र अन्य माननीय ज्यु र अन्य कर्माचारिले सहयोग गरे यसको लागि सम्पुर्णलाई धन्यवाद पनि म नेपाली कांग्रेस संसदिय दलको तर्फवाट दिन चाहान्छु यसमा सरकार अझ गम्भिर भयर उहाको स्वास्थ्य सम्बन्धि आई पर्ने खर्चको सन्दर्भमा अगाडि बढोस र सहयोग पुर्यायोस भनि अनुरोध गर्न चाहान्छु यहि सन्दर्भमा सुदुरपश्चिमकै हकमा हामीले वास्तवमा सिमाको सन्दर्भमा सङ्कल्प प्रस्ताव पनि सत्ता पक्ष र प्रतिपक्ष मीलेर लिम्पियाधुरा लिपुलेक र कालापानि संघिय सरकारले पनि आफ्नो नक्सा जारि गरेको सन्दर्भमा यक जुट भयर हामीले त्सको सन्दर्भमा स्वागत पनि गर्यौ त्यत्रो भुभाग नेपालमा आयको तर नक्सामा आयको तर अरु विषयमा अझ केहि प्रकृयाहरु भारत सँग बाकि हुनाले त्यस सन्दरभमा पनि छिटो मा छिटो होस भन्ने कामना पनि हामीले गर्यौ यो पनि महत्वपुर्ण यउटा यहि अधिवेशन भित्र भयको हो त्यसकारण यहि अधिवेशनको दौरानमा यउटा याद गर्नपर्ने चुनौतिपुर्ण कुरा के देखियो भन्दा खेरि सुदुरपश्चिमको उतर तिर चिन दक्षिण र पश्चिम तिर भारत र छिमेकि राष्ट्र भारतको दिल्लि राजधानि पनि छ यसको नजिक धेरै

दृष्टिकोणले यो सुदुरपश्चिम वास्तवमा तराई देखि पहाड हिमालको भुभाग पनि  भयको र जल स्रोत देखि हरेक हिसाबले पनि यो धनि प्रदेशको रुपमा भयको तत्पश्चात पनि यहाको गरिविको जुन बहुआयामीक गरिवि छ त्यसमा चुनौति मा ति छदै छ समग्र देशको हिसाबले हेर्दा २८. ६ छ भने हाम्रो त्यो भन्दा माथि झण्डै ३३. ६ छ त्यसमा परिवर्तन गर्नुपर्ने अहिलेको चुनौति हो र त्यसलाई हामीले सवै मीलेर सामना गर्नुपर्ने देखिन्छ यहि सन्दर्बमा हामीले९ वटा विधेयकहरु पास गर्ने सन्दर्भमा केहि तल माथि यकदुईबटा आर्थिक विधेयक सम्बन्धमा केहि कुराहरु भयको बारेमा यहालाई प्रष्ट नै छ बजेट २०७७/ ०७८ को बजेटको सन्दभर्मामैले यहाभन्दा अगा डि यहि रोस्टमबाट भनेकै हु हाम्रो असहमतिको विचमा पनि पास भयकै छ त्यसमा हाम्ले यो सुदुरपश्चिमको जो भयाभहको बारेमा धेरै लामो समय देखि त्यसमा प्राथमीकता दिनुपर्छ कोरोना भनेको वास्तवमा यसको कारणले आजसमग्र हामीलाई जुन हिसाबले चाहि यसको प्रदेश सञ्चालनमा सहयोग पुग्ने रेमीटान्स झण्डै फिफ्टि भन्दा तल झरि सकेको छ प्रवासिहरु सवै भित्र आईसकेको अवस्था यि समग्रलाई हामीले हेर्दा कोरोनाको व्यवस्थापन मा विशेस प्राथमीकता दिनुपर्यो त्यसको अनुभूति हामीलाई दिनुपर्यो त्यसको अनुभूति गरिमामय सदनलाई दिनुपर्यो जसको कारणले भोलिका दिनहरुमा बजेट बनाउदा पनि सन्तुलित र कोरोनामैत्रि आओस भन्ने हाम्रो मनशाय हुदाहुदै तर सरकारले त्यसमा गम्भिरता नदेखाउदा हाम्रो असहमति जारि रह्यो तत्पश्चात पनि हाम्रो भनाई के छ भन्दाखेरि अहिले यकातिर कोरोनाको प्रकोप छ अर्कोतिर बाढि पहिरो को प्रकोप छ यो सम्पुर्णको बाबजुत र हाम्रा चुनौतिहरु पहाड हिमाल जस्ता चुनौतिहरु हाम्रो सामुन्ने छन त्यसकारण यहा सत्ता पक्ष प्रतिपक्ष भन्नु भन्दा पनि जनताले खबरदारि गर्ने अधिकार दियको हो हामीलाई जनताले चेतावनि चाहिने कुराहरु सदनमा भन सरकारले सहि सत्यतथ्य कुरा औल्याउ भनेकै हो त्यो जिम्मेवारि निर्वाह गर्दा सवैले नसपचेको परिस्थित बन्नु पर्योतत्पश्चात हामीले त्यो यककिसिमको माननिय सभामुख ज्युले को पहलमा माननीय मुख्यमन्त्रि जि माननीय सामाजिक विकास मन्त्रि जि लगायत हाम्रो टिम बस्यो  म सहित बस्यौ र यो जो बन्धक स्थिति थ्यो त्यलाई निराकण गर्ने हामीले सहमति जनायौ यस सन्दर्भमा शुरु देखि दुईटै दल नेपालि कांग्रेस संसदिय दल र समाजवाद यउटा जनता समाजवादि दल राजपा पुरानो राजपा हामी यकजु ट भयर हमीले भन्यौ अबको यो अवस्थामा यत्रो लेबलको कुरा भैसकेपछि अब यो संसदलाई बन्धक बनायर भन्दा अब नया ढङ्गले अगाडि बढ्नुपर्छ जनतालाई अप्ठेरो परेको बेला हामीले यलाई सहमतिका साथ हगाडि बढ्नुपर्छ र खोल्नुपर्च भन्ने सहमत भयो र त्यसै अनुरुप हामीले आफ्नो कुराहरु राख्यौ त्यहि सन्दर्भमा अलिकति असमति देखिन्छ किनभने माननीय मुख्यमन्त्रि जिले जुन हिसाबले हामीसँग कुरा गर्नु भाथ्यो आखिर धेरै कुराहरु भयको देख्यौ हामीले जो ९३ करोड को कुराहरु थ्यो प्रष्ट रुपले सदनमा आउनुपर्यो भनेका थियौ त्यस सन्दर्भमा प्रदेश सरकारको ५७ करोड र संघिय सरकारको ३६ करोडको  सन्दर्मा

ठिक छ संघिय सरकारको ३६ करोडको हिसाब होला तर जुन हिसावले आउनुपर्थ्यो त्यो आयन ५०-५३ करोडको भनेर झन हामीलाई कन्फ्युज बनाउदिनु भो त्यो भन्दा वढि सामाजिक बिकास मन्त्रिले नै अलिकति थपेर भनेको जस्तो हामीलाई लागेको थियो तत्पश्चात हामीले माननीय मुख्यमन्त्रिले जे जस्तो राखेता पनि पिसिआर मेसिन बि शेस गरि ९ जिल्लामा हुनुपर्ने थियो जबकि प्रदेश सरकारले तिन ठाउमा विशेस गरि दुईटा नया ठाउहरु बैतडि र डोटि,मा भनेको थियो त्यसपछि ५ ठाउमा हुने स्थिति त्यसपछि बझाङमा हुने स्थिति त्यहाको स्थानिय सरकारले पनि ल्याईसकेको स्थिति हेर्दा झण्डै ९ वटै जिल्लामा हुने सम्भावना देखियकोले त्समा पनि माननीय मुख्यमन्त्रि जिलाई अलि कन्जुसाई ग्रनु भो आफुले गर्न सक्ने काम र यो कोरोनाको टेष्टिङ जति सम्म बढायौ जति ल्याबहरु हामीले ठाउठाउमा राखिसक्यौ बढि आफ्नो जनताहरुलाई देख्दाखेरि सङ्ख्या देखियला कोरोनाको संक्रमीत तर त्यले के भने जनसमुदाय बिस्तारै सुरक्षित हुदै जान्छ र यो पिसिआर ल्याब फेरिपछिको अरुबेला पनि काम लाग्ने हुनालेयि संरचना हरु बहुत काम लाग्ने हुन्छन सन्दर्भमा भनेकै हो तर समग्रमा हामी अहिलेको परिस्थिति अनुसार हामी अगा डि बढ्यौ यसका लागि म सत्ता पक्षका सचेतक ज्यु र अरु साथिहरुलाई पनि धन्यवाद दिन चाहान्छु । राजपाका साथिहरु र मान्य ज्युहजरुलाई पनि विशेस गरि धन्यबाद दिन्छु हाम्रो नेपालि कांग्रेस संसदिय दलका नेताहरुलाई अब यहि सन्दर्भमा अब रह्यो बाढि पहिरो सम्मबन्धमा अलिकति जोड्न चाहान्छु बाढि पहिरो अहिले हुनुमा हामीले शुरु देखि भन्दै आयका हौ यउटा प्राकृतिक कारणले अर्को म्यान मेड भन्छ जलाई मानव द्वारा जुन कामहरु भयका छन त्यसको कारणले हुने गर्छ सुदुरपश्चिम बिगत लामो समयदेखि ५० बर्ष भन्दा बढि अ ध्ययन भैसकेको छ सुदुरपश्चिम सबभन्दा उच्च जोखिममा भयको प्रदेश हो यसका बारेमा राष्ट्रिय अन्तराष्ट्रिय ठुलो अध्ययन भैसकेको छ म यहा भन्न चाहादिन लामो छ त्यसैले के छ भने जतिसुकै हामीले प्राकृतिक हिसाबले भोलि भुकम्प आउला अर्को केहि आउला त्यो हामीले रोक्न सक्ने होईन तर हामीले गाउघर बस्तिहरु हाम्रो बस्ति कति छ त हाम्रो पहाडि हिमालि भेग त्यस्तै तराईमा फेरि चुरे छ सिवालिक छ यि चिजहरुलाई प्राथमीकता दियर हामीले हाम्रा योजना बन्नु पर्ने हुन्छ हाम्रा योजना बजेट हाम्रो हरेक माकारबाहि हाम्रो भुमीको सुरक्षाको निम्ति हामीले गर्नुपर्ने हुन्छ यदि त्यसको बिपरित हामीले काम गर्यौ योजना ल्यायौ त्यसको बिपरित हामीले काम गर्यौ भने यकातिर प्राकृतिक हिसाबले हुने कुरा त छ त्यसले म्यान मेड हामीले नै हाम्रै प्रदेश को भुमी भोलि भयाभह स्थिति हुन सक्छ जसले गर्दा आज कैलालि कञ्चनपुरको जो भुमी छ जो अन्नको भण्डार भनेर चिनियको छ ७ वटा जिल्लामा अन्नको कहिल्लयै पर्गदैन तर यहि २ वटा जिल्लाले ७ वटा जिल्लालाई खाद्यान्न पुर्याउन परने हुन्छ यो फुड सर्कलस यरिया हो माथिका ७ वटा जिल्ला फुड बेस्टित यरिया हुन त्यसैले जुन हाम्रो कारणले अहिले हेर्नुहुन्छ भने टिकापुरको तल्लो बेल्ट हेर्नुस भजनिको तल्लो बेल्ट हेर्नुस अस्ति

भर्खर हामीले गयौ हाम्रो आर्थिक सभापति जि पनि यहा हुनुहुन्छ प्राकृतिक स्रोत सम्बन्धिका सभापति यो हेर्दाखेरि यस्तो अवस्था देख्यौ त्यसको रिपोर्ट पनि आईसक्या छ के देखिन्छ भन्दा खेरि किन यस्तो प्राकृतिक प्रकोप भन्दा पनि हामीले गरेको काम कारबाहिबाट आज यि जति पनि चुरे आज तलतिर बग्दै आयको छ जसको कारणले आज नदिहरुको सतह माथि उठेको छ पानि सवै बस्तिमा आको छ त्यसको साथसाथै ईन्डियाले पनि बनायको कैलाशपुरि पनि को केहि रोल छ त्यसपछि हाम्रो तलको हुलाकि सडकको पनि केहि रोल छ यि कुराको पनि मध्यनजर गरेर आउदा दिनहरुमा हाम्रा योजना मलाई लाग्छ यो शिक्षा लियो भने अन्यथा फेरि हामी आफ्नो प्रदेशलाई बचाउने हो भने बचाउने होईन भने मात्रै नत्र भने बहुतै अझ यो भन्दा बिकराल रुप आउने देखिन्छ त्यसैले यसै सन्दर्भमा जुन सर्बदलिय अनुगमन टोलिलाई मधन्यबाद दिन चाहान्छु उहाहरुले धैरै मेहेनत गरेर हिजो भर्खर मैले सुने माननीय मुख्यमन्त्रि जि सर्बिधिमा जानु भाछ अवश्य पनि त्यो ठाउका पिडा र त्यो ठाउमा हुने र अहिले ईमीडेट ग्रन सकिने कामहरु छन जो अहिले तुरुन्तै गर्ने कामहरु छन त्यो राहत र तिनलाई पुनरस्थापना गर्ने काम दिगो रुपमा गर्ने कामहरुलाई पनि अब हामीले दिगो रुपमा योजनामा बजेटमा समावेश गरेर लानुपर्छ जस्तो लाग्छ अब यहि सन्दर्भमा अझ प्रवासिहरुको सन्दर्भमा झण्डै झण्डै म यसमा डिटेल भन्न चाहादिन तपाईहरुलाई ज्ञान नै छ सभामुख महोदय झण्डै झण्डैप्रवासिहरु यहा र यहाका उद्योगहरु सवै हजार भन्दा उद्योग सुदुरपश्चिममा छन सानासान ठुला गरेर तिनवाट १ लाख ८२ हजार बेरोजगार लकडाउनको कारणले अवस्था छ उद्योग चलेका छैनन् यो समग्र जोड्दा साढै ८ लाख वेरोजगारहरु सहित गरेर यो सुदुरपश्चिममा चुनौति को रुपमा छ तर त्यलाई हामीले सदुपयोग को रुपमा त्यो हुमन रोसोर्स लाई उनको स्रोत साधन उनको सिपलाई सदुपयोग गरेर अगाडि बढ्यो भने मलाई लाग्छ यो पनि यउटा मौकाको रुपमा आउन सक्छ त्यसको लागि आउदा दिनमा हामीले चाहि समावेश गर्ने तर्फ सरकार लाग्यो स्थानिय सरकारलाई समन्वय गर्यो अगाडि बढ्यो भने राम्रो हुन्छ मैले विश्वास लियको छु र अर्को यहि सन्दर्भमा यउटा कुरा महत्वपुर्ण पाटो के छ भन्दा खेरि हामीले अहिले आजै भर्खर महालेखा परिक्षकको प्रतिवेदन पनि यहा यउटा प्रकृयागत हिसाबले आयको छ अब संसदमापेश भैसकेको छ अब यसपछि सम्बन्धित निकायमा जान्छ होला अब यहि किसिनले प्रष्ट रुपले महालेखा परिक्षक ०७४/०७५ को अहिले ०७५/०७६ को पनि छ त्यो प्रष्ट रुपले उल्लेख गरेका सन्दर्भमा यो ति कुरालाई सरकारले हुबहु तरिकाले अगाडि बढ्यो भने मलाई लाग्छ या सुशान कायम हुन सक्ने सम्भावना देखिन्छ त्यसकारण त्यसलाई गम्भिर भयर हेर्ने छ र त्यसको लागि माननीय सभामुख मार्फत जिम्मेवार साथिहरुले जिम्मेवार मन्त्रिहरुले त्यसलाई पुर्णतया महालेखाको हुबहु सल्लाह सुझाव र दियको पालना गर्न सकोस र त्यलाई गर्दा प्रदेशको उन्नतिमा टेवा पुग्छ मैले ठानेको छुशुरुमा बजेटको खर्चको सन्दर्भमा अलि मैले सानो जोडेको छु असारको ९ गतेको खर्च मैले हेर्या

थिय ल पुजिगत खर्च ३१% भयको छ असार कै अन्त्य श्रावणको ९ गते असारको ९ गते ३१% र लाष्टमा अहिले झण्डै झन्डै ७१% पुगेको छ भन्न खोजोको झण्डै ४०% हामीले२१ , २२ दिनमा ३१% हामीले ११ महिना ९ दिनमा हामीले २१ दिनमा ४०% खर्च गर्यौं अब यले के देखाउछ भन्दाखेरि आज प्रदेशको खर्चमा राम्रो देखियला तर यले यहि प्रकृया यहि रुपमा अगाडि बढ्यो भने मलाई लाग्छ हामी कहिल्यै पनि अरुमा मुख देखाउने ठाउ हुदैन यले गम्भिर प्रशनहरु खडा गर्छ यसले समीक्षतत्मक कुरा गर्दै छु मैले आउदा दिनहरुमा हामीले सुध्रियर यसपालिकै बजेट पनि हाम्रो असार को अवधि भयतापनि तर यो बजेटलाई पनि भाद्र देखि निरन्तर यो श्रावण देखि निरन्तर यो अगाडि बढ्न पनि यो छ कार्यान्वयन गर्न नत्र फेरि असार मै पुर्याउने हो भने मलाई लाग्छ यले गम्भिर प्रश्नहरु सरकार माथि र प्रदेशको समग्र रुपमा प्रश्नहरुउठ्न सक्छन अब यहि सन्दर्भमा अर्को माननीय यो यउटा कुरा व्यवस्थापिका को र कार्यपालिकाको सन्दर्भमा हामीले बिगत लामो समय देखि उठायकै कुरा हो सत्ता पक्ष र प्रतिपक्ष भन्य छैनौ आज यो व्यवस्था पिका संसदको जति गरिमा हुन्छ उति प्रदेश सरकारको यो जननि भयको हुनाले हुन्छ त्यसकारण प्रदेश सरकार भनेको कार्यपालिका हो प्रदेश सभा भनेको व्यवस्थापिका हो व्यवस्थापिका र कार्यपालिकाको बिचमा संयुक्त छन यकले अर्कालाई सहयोग गर्नुपर्ने हुन्छ यकले अर्कालाई समन्वय गर्न सकिन्छ तर यकले अर्कालाई आदेश प्रदेश गर्न सकिदैन मलाई लाग्छ यो संविधान त प्रष्ट छ सिकाउनुपर्ने कुरता छैन अहिलेको अवस्था हेर्दा अजसम्म पनि हामीले त्यो कुराहरु समयसमयमा गरिमामय सदनमा राख्दा पनि अझ पनि परिवर्तन हामीले देखेका छैनौ प्रदेश सभाअन्तर्गतको सचिवालय किन नहोस प्रदेश सभा अन्तर्गतका बिषय समीति पनि पार्लेमेन्ट किन नहुन प्रदेश सभा अन्तर्गतका संदैधानिक दलका कार्यालयहरु किन नहुन अहिलेको अवस्थामा पनि गम्भिर प्रश्नहरु छन यसमा सरकार किन गम्भिर छैन यले गर्दा हेर्दा खेरी हामीले यो गरेनौ भन्ने होला तर यहिले के हुन्छ भन्दाखेरि आज प्रश्न धेरै उठेका छन आज उठेको छ ९ वटा विधेयक मध्येको आज रेडियो टेलिभिजन को प्रश्नहरु बाहिर आयका छन आज त्यसमा हामी पनि सदसयहरु छन हामीलाई पनि अहिले आत्मागलानि हुने अवस्था आयको छ किनभन्दा खेरि आज प्रदेश सभाका समीतिहरुको प्रमान्टेट स्टार छैन त्यहा त्यहा कानुनि सम्बन्धिकोमान्छेको कमी छ प्रदेश सभाको सचिवालय ले सहयोग गरेकै छ तत्पश्चात पनि जुन हिसावले दिन पर्थ्यो त्यो हिसाबले दियको छैन रिकर्ड किपङ अहिले सम्म छैन यले के हुन्छ भन्दाखेरि आज कोले के भन्यो के सन्दर्भमा अध्यापनले आज संघियताको सन्दर्भमा आयो भने सोध्यो भने जवाफ दिने ठाउ छैनन् यउटा नोटको भरमा जवाफ दिनुपर्ने स्थिति छ यो के हो भने आज संघियतामा यले ठुलो प्रश्न ल्याउछ आज संवैधानिक हिसाबले प्रस्न आउछ आज सुदुरपश्चिम प्रदेश सरकारतयार छ कि छैन यो बहुत प्रश्न छ यस बारेमा म बारम्बार यो कुरा उठेको हुनाले अजपनि समय छ जति समय छ भोलिको समयमा यि फेरि प्रश्नहरु

उठाउन नपरोस भन्ने मैले चाहान्छु यउटा समीक्षात्मक मैले बोलिरहेको छु अर्को यउटा महत्वपुर्ण हामीले संघ सँघ लड्नुपर्ने कुराहरुको सन्दर्भमा जोडेको छु संघियता महङ्गो भो यो संघियता भनेको भ्रष्टाचार भो भनेर हामीले बारम्बार भनेका छौ माथि अरुले पनि भनेका छन को यि साच्चै संघियता महङ्गो हो वास्तवमा महङ्गो होईन महङ्गो त संघियतामा के त भन्दा ३ वटा संघ छ प्रदेश छ स्थानिय छ स्थानियले आफ्नो काम गरिराछ होला प्रदेशले आफ्नो काम गरिराछ तर संघले जुन हिसाबले आफ्नो संघियताको मर्म अनुसार संविदानको मर्म अनुसार जो २०७२ को संविधानमा दियको सम्पुर्ण कुरा छ त्योलाई हुबहु पालना नगर्दा आज यो संघियता महङ,गो भन्ने छ आज ३२४ जना सभासद हरु माथिल्लो सभा होस तल्लो सभा होस प्रदेश सभा होस त्यहा चाहिन्छ कि चाहिदैन भन्ने कुरा हो अब यो प्रदेश सभामा गरिमामय सभामा माननिय सभामुख ज्यु मार्फत भन्न चाहान्छु आउदा दिनहरुमा कमसेकम हामीले अब संघमा पनि जवाफ पठाउन प्रने हुन सक्छ आज किन यो महङ्गो को कारण सरकार किन प्रदेश हुदैछ प्रदेशले किन धेरै बजेट दिन सकेको मैले बुजेको छैन सम्पुर्ण अधिकार केन्द्रमा राख्ने प्रवृति छ त्यो प्रवृति को मा अब समीक्षा गरेर हामीले प्रष्ट रुपमा संघमा दिने कि नदिने यो बहुतै गम्भिर प्रश्न छ अब दिनुपर्छ हामीले यो संघको यउटा महाशाखा हो त्यसमा हामी पुरा माननीय सभामुख ज्यु मार्फत यो गरिमामय सदनमा भन्न चाहान्छु आउदा दिनहरुमा यस सन्दर्भमा अजकेहि कुरा गरौला अर्को कुरा निष्कर्षमा म के भन्न चाहान्छु सत्ता पक्ष वास्तवमा प्रतिपक्ष यो सदन भनेको प्रतिपक्षको हो सङ्ख्या कम होला वेशि होला जनताको कुरा मुखकृत गर्ने जनताका समस्याहरुका बारेमा प्रष्ट रुपले भन्ने थलो यहि हो यसमा चाहि जहाति मूखकृत गर्ने हुन्छन तब यो संघियताको प्रश्नहरुमा ठुलो प्रश्न आउन सक्छ सत्तापक्षलाई बाध्यता पनि हुन सक्छ आफ्नो चेन अफ कमान्ड अन्तर्गत दियको नि र्देशन अनुसार मान्न पर्ने हुन्छ तर प्रतिपक्षको काम के हो भने बाध्यतामा बस्नतैदैन उनि खुलेआम आफुलाई लागेका कुराजनताका कुराहरुलाई प्रत्यक्ष रुपमा भन्ने थलोको रुपमा प्रदेश सभआ हो प्रदेश सभामा यदि कसैले यलाई बिरोधको रुप ठान्छ कसैले यलाई कामै बिरोध मात्रै गर्ने हो उहाहरुको काम अरु केहि छैन क्याहो भन्ने खालको प्रवृति मलाई लाग्छ साथिहरुले त्यो मानसिकताबाट हटाईदिय हुन्छ भोलि आज प्रतिपक्षमा होला कोहि सत्तापक्षमा होला तर यो भनेको जिवन्त हो यो जिबन्त बनाउन प्रदेश सभालाई तपाईसत्ता पक्ष प्रतिपक्षको त्यतिकै महत्वपुर्ण रोल हुन्छ त्यसैले म आदरणिय माननीय सभामुख मार्फत यो गरिमामय सदनमा माननिय हरुलाइ अनुरोध गर्न चाहान्छु यो सन्दर्भमा हामी सवै हातेमालो गरेर जाने हो कमीकमजोरि भयो भने हाम्रै हो त्यसमा अर्को नसोचिदिनहुन अनुरोध गर्न चाहान्छु अगिपनि मैले भने तिता मीठा कुराको स्वाभिविक हो अन्यथा लिनुपर्ने कुरा छैन त्यसकारण यिनिहरुलाई गहन समीक्षा गर्ने बाहेक अरु बिकल्प छैन र अरु सुधारगरौ र सवै कुराहरु दुखका अप्ठेराका चुनौतिहरुलाई सामना गर्न सत्ता पक्ष प्रतिपक्ष मीलेर

अगाडि बढौ यहि म शुभकानादिदै यो सदन समग्र रुपमा लाग्छ सफलताको कामना पनि गर गरैकै थिय शुरुमा देखि बिचमा सानोतिनो भयतापनि राम्रै भयको मैले महसुस गरेको छु धन्यबाद नमस्कार जय नेपाल

**माननीय मालामती कुमारी राना**

माननीय सभामुख महोदय, छेठौ बर्षे अधिवेशनको आज अन्त्य हुदै छ छेटौ अधिवेशनको सफलताको कामना पनि गर्न चाहान्छु र सरकार माननीय सभामुख ज्यु माननीय उपसभामु ज्यु माननीय संसद ज्यु लगायत कर्मचारि मीत्र ज्युहरुलाई सहयोग गर्नुभयकोमाआफ्नो ब्यक्तिगत तर्फबाट र दलको तर्फबाट धेरैधैरै धन्यबाद दिन चाहान्छु वास्तवमा माननीय ज्यु रणबहादुर रावल धेरै कुरा राखेर जानु भाको छ छेटौ अधिवेशनमा भएका गतिबिधिका बारेमा म केहि बुदा भन्न चाहान्छु । वास्तवमा छेटौ अधिवेशनको आजसम्म आज हामी ३२औं वटा बैठकमा हामी बसिरहेका छौ छेटौ अधिवरशनमा हामीले ९ वटा बिधेयक पास गरेम जम्मा गरेर हामीले ४२, ४३ वटा विधेयक हामीले पास गर्यौ तर विधेयक पास गर्नु ठुलो कुरा होईन विधेयकलाई कार्यन्वयन गर्नु धेरै ठुलो महत्वपुर्ण भुमीका हो हाम्रो तर हामीले जहिले पनि विधेयक मात्रै पास गर्छौं र बिधेयकलाई कार्यन्वयन तिर कछुवाको गतिमा हिडेको हामीले देखिराछौ तयसकारण हमीलाई दुख लाग्छ यदि कार्यन्वयन गर्नु छैन भने हामीले किन यति छिटो छिटो विधेयक पास गरि राछौ पहिला हामी कार्यान्वयन तिर सरकारले ध्यान दिनुपर्छ यदि सरकार कार्यनवयन तिर ध्यान दियन भने यो प्रदेश सरकारले विधेयक बनायको कुनै औचित्य नै हुदैन त्यसकारण बर्षौ देखिका जताततै स डकहरु अधुरै जुन अवस्थामा छन कहिले बन्छन कहिले बन्दैनन् जनताहरु सोधिरहेका छन मलाई लाग्छ सरकारले आफ्ना नातागोता र ठेकेदारहरुलाई ठेक्कामा जुन दिनु भाको छ त्यसकारणले यो रोड बन्नको लागि पछि परेको छ यो रोडले जुन रोड सडकले गर्दा धेरैधेरै जिप दुर्घटना बस दुर्घटना मोटरसाईकल दुर्घटना हाम्रा मानिय अम्बि थापा जिको पनि मोटरसाईकल नै दुर्घटना भाको छ त्यो सायद मलाई लाग्छ साघुरो रोडको कारणले उहाको दुर्घटना भाको हो उहाको शिघ्र स्वास्थ्यको लाभको पनि कामना गर्न चाहान्छु पटक पटक हामीले यि जिर्ण अवस्थामा रहेका रोड र साघुरो बाटोलाई हामीले सरकारलाई ध्यानाकर्षण गराउदै आयका हौ तर सरकार कमीसन चलखेल ले यि रोडहरुलाई सम्पन् गर्न सकिरहेको अवस्था छैन माननिय सभामुख महोदय हामी प्रतिपक्ष सांसदहरुले उठाउदै आयका कोभिड १९ भाईरस नियन्त्रण सम्बन्धि का कुराहरु ति हाम्रा कोभिड १९ भाईरसका नियन्त्रणका कुराहरुलाई व्यवस्थितगर्नाका लागि सरकारले खासै ध्यान दियन यदि समयमा हमीले भन्दै आयका थियौ समयमा सतर्क भयन भने सुदुरपश्चिम प्रदेश कोभिड १९ कोरोना महामारिले थेग्न नसक्ने जस्तो यो सुदुरपश्चिम प्रदेश

हुन्छ पटक पटक सचेत गराउदै आयकोमा सरकारले कान थापेन सरकारले सुनेन त्यसकारण सरकार हाउसमा आयर मीठा मीठा भाषण गर्ने काम गर्दा खेरि प्रतिपक्षलाई आरोप लगाउने ९ वटा जिल्लामा पिसिआर भेन्टिलेटरको दायरा बढाउनुपर्छ भनेर हामी प्रतिपक्षले भनेकै हो यो हामी आफ्नो लागि होईन जनताको लागि हमीले भनेके हौ यउटा सेति प्रादेशिक मा यउटा पिसिआर मेसिन २, ४ वटा भेन्टिलटर राखेर सुदुरपश्चिमका समस्या समाधान हुदैन त्यसकारणले हामीले पटक पटक भनेम ९ जिल्लामा पिसिआर मेसिन भेन्टिलेटरहरु राख्नु पर्छ प्रदेश भरि क्वारेन्टाईनहरु अव्यवस्थित छन व्यवस्थित बनाउनु भनेकै हो हामीले यो भन्दा खेरि हाम्रो प्रतिपक्षहरुको गल्ति हो पिसिआर मेसिन राख्यौ भन्दाखेरि के हाम्रो गल्ति हो पिसिआर चेक गरेर घर पठाउनुपर्छ भनेकै हो हामीले के हाम्रो यो चेक जाँच गरेर पठाउनु के हाम्रो प्रतिपक्षहरुको गल्ति हो कोरोनाको खर्च पारदर्सि गर्नपर्छ भनेर हामीले सरकारलाई झकझकाकै हो यो हाउसमा हामीले भनेकै हो कोरोनाको खर्च बारे जनतालाई पारदर्शि गर्नपुर्छ सदनलाई जानकारि गराउनै पर्छ के यो हाम्रो कमजोरि हो यो हाम्रो गल्ति हो कोरोनाको खर्च जुन चाहि जनताको पसिना चाहे संघियको बजेट होस चाहे प्रदेशको होस चाहे स्थानियको होस त्यो जनताको पसिनाको जनतालाई पारदर्शि गर्नुपर्छ त्यो हाम्रो माग थ्यो तर व्यवस्थित गराउन सचेत गराउयको हो सचेत गराउदा गराउदै प्रतिपक्षका माग हरु गल्ति हुन त प्रतिपक्षकाकेहि काम छैन भनेर माननीय मुख्य मन्त्रि ज्युले प्रतिपक्षलाई अंकित गरिकन यि भाषण गर्नुभयकै हो के हाम्रा यि माग हरु गल्ति थिय म सरकारसँग सोध्न चाहान्छु प्रश्न गर्न चाहान्छु हाम्रो कामै हो सचेत गराउने खबरदारि गराउने तर खबरदारि गराउदैमा सरकारले प्रतिपक्षतिर अंकित गरेर आँखा तेर्छायिर ताना दियर भाषण गर्ने यस प्रवृतिको अन्त हुनुपर्छ ।

माननीय सभामुख महोदय, यो सरकारको चरम लापरबाहिको कारणले सुदुरपश्चिम प्रदेशमा कोरोनाको भयाभह स्थिति भयको छ फेरि पुनह कोरोनाको भयाभह स्थिति भयको छ माननीय सभामुख महोदय सरकारलाई सचेत गाराउदा उल्टै आफ्नो कमजोरिलाई लुकाउन प्रतिपक्षलाई दोष लगाउने काम गरियको छ सभामुख महोदयहामीले बारम्बार भन्ने गरेका छौ हाम्रा राम्रा कामका लागि सधै सरकारसँगै छौ सरकार जनताप्रति उत्तरदायि नभयको कारणले अझ कोभिड १९ को बिषयमा भन्नुपर्दा खतरनाक डरलाग्दो त क्वारेन्टाइनमा महिला हरु बलत्कार हुनु अव्यवस्थितका क्वारेन्टाइनका कारणले हो कि होईन यो सरकारसँग म सोध्न चाहान्छु चुकुल नभयर अनि बलत्कार नहुने त के हुने त्यहा अव्यवस्थित क्वारेन्टाइनले गर्दा नाङ्गो तारले करेन्ट लागेर मृत्यु हुनु चरम लापरबाहि सरकारको हो काम हो कि होईन यो आफ्नो कमीकमजोरि जिम्मेवारि सरकारले लिने कि नलिने अर्को कुरा १ लाख जनता प्रवासिवाट फर्केका हरुलाई सिमाना नाकामा खाना ख्वाउन काम भयो र तर नाकामा हामीले के हेर्यो बिभिन्न संघसंस्थाका ब्यानर मुनि खाना ख्वायको देखियो प्रदेश सरकारको ब्यानर किन देखियन प्रदेश सरकारको किन शुन्य प्रस्तुति त्यहा

र्हयो तर खर्च सरकारले भनेकै अनुसार ५३ करोड मानौ तर त्यो बजेट कहा खर्च भयो त्यो त्यसको पारदर्शिहुने कि नहुने गर्ने कि नगर्ने अनि व्यवस्थापन तिर सरकारको ध्यान नजाने जनताको पक्षमा आवाज उठाउदा प्रतिपक्ष माथि दोष लगाउने माननीय सभामुख महोदय मन्त्रि ज्यु यसै प्रदेश हाउसमा बोल्नुभको अब सरकार घोडा जस्तो दौडेर काम गर्ने छ प्रदेश सरकारको घोडा जस्तो दौडेका कामहरुमा भन्न चाहान्छु जुनपहाडमा डोजरले बाटो निकाल्ने जथाभावि माटो निकालि नालि फिलिङ गर्नेजस्ता कार्य गर्दा पहाडमा पहिरो जाने कैयौ जनता मृत्युको मुखमा पुगेका छन यति मात्र होईन पहिरो का कारण तराईको कैलाली कञ्चनपुरको ठाउठआउमा बाढि ग्रस्त देखा पर्नु धनजनको क्षति नोक्सान हुनु ठाउठाउमा खोला नालामा अव्यवस्थित आकर्मिक घर निर्माण हुनु अहिले सम्म सरकारले स्थानिय सरकारले त्यसमा सचेत भको छैन खोलाको माथि घर बनाईयका छन पानि कहाबाट निकास हुने बाढि नआउने त के आउने मान्छे नमर्ने त के हुने तर सरकार कानमा तेल हालेर बसेको छ सरकार सुतेको अवस्था छ हामी सधै जनताका बिकास बिषयमा आवाज उठाउदै आयका हुन्छौसिधा बाटोमा दौड्नुस लगाउनुस सोझो बाटो देखाउदा बाङ्गो लाग्छ सरकारलाई दोष प्रतिपक्षलाई लगाउने बिकास बिरोधि भनेर भाषण गर्ने प्रदेश सरकारको दौडमा हामीले के देख्यौ सामाजिक मन्त्रालयको यम्बुलेन्स पर्करण कृषि मन्त्रालयको पावर टेलर काण्ड प्रदेश सरकारका मन्त्रालय माथि मुद्दा लाग्नु यो कस्तो दौड हो बुझ्न सकियन सरकार यकतिर सरकारले घोडाजस्तो दौडेर काम गर्ने अर्को तिर काण्डैकाण्ड यो सरकारमा माननिय सभामुख महोदय अहिले माननीय जिले भनेर जानु भाको छ ०७७/०७८ को बजेटमा प्रतिपक्ष हरुले मीलेर बजेट बाँडफाँड गरि सायिद बाहिर हल्ला छ उडिराछ यसको सत्यतथ्य छानविन हुनै पर्छ सत्यतथ्य कारबाहि हुनुपर्छ र दोषिहरुलाई कारबाहि गरियोस किन हामी प्रतिपक्ष हौ यदि हामीले मीलेर बजेट हामीले कुम्ल्याका छौ भने सरकारले दियको छ भने सरकारलाई पनि कारबाहि होस प्रतिपक्षहरु लाई पनि कारबाहि होस यो जानकारि गरिमामय सदनमा हुनुपर्छ सरकार वास्तवमा यदि हामीले सरकारसँग मुख्यमन्त्रि ज्युसँग मीलेर हामी बजेट कुम्ल्याको भय समानुपातिक सांसदहरु जनतासँग जोडियका जनप्रतिनिधिहरु हुन समानुपातिक संसदहरुलाई तपाईको सौतेला व्यवहार गरियको छ समानुपातिक सांसदहरुलाई कहिले बजेट दिने हो त्यो थाहा भयन तर आगामी दिनमा त्यस्तो नहोस समानुपातिक सांसदहरु पनि जनतासँग जोडियका जनप्रतिनिधिहरु हुन उनिहरुले बिकास गर्न बजेट पाओस मेरो माग छ आगामी दिनको लागि बाढि पहिरोले गर्दा खान नपायका जनताहरु तड्पिरहेका छन हाम्रो सरकार कहिले त्यहा खानको लागि पुग्छ थाहा भयन त्यो पुग्न जरुरि छ र प्रवासि लाखौ प्रवासिहरु प्रवेश गरे नेपालभित्र हाम्रो सुदुरपश्चिम भित्र ति प्रवासिहरुका लागि युवाहरुको लागि रोजगारको व्यवस्था प्रदेश सरकारले गर्ने कि नगर्ने उनिहरुको रोजगारको व्यवस्था गर्नुपर्छ फेरि लुकिछिपि ईन्डियातिर लागिराछन आफ्नो बालबच्चाको पेट पाल्नाको लागि माननीय सभामुख

महोदय संसदिय दलको अवस्था हेर्दाखेरि हामीले पटक पटक यहि रोष्टममा हामीले पटक पटक भनेम तर अहिले सम्म पनि संसदिय दलको ब्यवस्था र समीतिहरुको व्यवस्थाअस्त व्यस्त छन अहिले तपाई जनतासमाज वादि पार्टि दलको दल कार्यालयमा जानुस त्याहा कुनै यउटा सामान पनि छैन कहिले हुने पासवर्ड सकिसकेपछि सामान राख्ने हो कि दिने हो कि यो सरकारले कि नदिने हो दिन्न भनेर भन्दिनुपर्यो हामीले दिन्नौ भनेर तपाईहरुको लागि छैन धेरै कुरा हामीसँग भनिन्छ अब तपाईहरुले पाउनुहुन्न भनेर कुनैदिन यो पनि हामीले पोल खोलौला र पटक पटक हामीले भन्दै आयका छौ सचिवालय सम्बन्धि सचिब ज्युको हाम्रो जुन सचिव जिको मर्यादा कुन मर्यादा हो त्यो अहिले सम्म सरकारलाई ज्ञान नभयको सरकारलाई थाहा नभयको सरकार गम्भिर नभयको फष्टक्लासमा राखेर सचिव ज्युलाई काम गराउने लाज लाग्दैन यो प्रदेश सरकारलाई लाज लाग्नु पर्छ आफुले भ्रष्टाचार गर्ने अरुलाई मारिमारि फस्ट क्लासमा राखेर काम गराउने धन्यवाद माननीय सभामुख महोदय,

३५. माननीय सदस्यहरु,

यस छैटौं अधिवेशनको अन्तिम बैठकको कारबाही यहीँ समाप्त हुन्छ ।

अन्तमा यस सभाको छैटौं अधिवेशनमा सभाको मर्यादा कायम राखी अनुशासित भई बैठक सञ्चालनमा सहयोग पुऱ्याउनेसम्पुर्ण माननीय सदस्यहरु र सचिवालयका कर्मचारीहरुलाई धन्यवाद दिदै छैटौं अधिवेशन यहीँ अन्त भएको घोषणा गर्दछु ।